# निति संक्षेप

## महिला तथा बालिकाविरुद्धको हिंसा रोकथाम र प्रतिक्रियाः मधेश प्रदेशका प्रादेशिक र स्थानीय नीतिहरूमा लैङ्गिक तथा अपाङ्गता समावेशी सवालहरू

माघ २०८२

# विषय सूचि

१. नीति संक्षेपको परिचय ....... १
२. मधेश प्रदेशमा अपाङ्गता भएका महिला तथा बालिकाहरू विरूद्ध हुने हिंसाको अवस्था ....... १
३. मधेश प्रदेशमा लैङ्गिक हिंसा सम्बोधनका नीतिहरूः अपाङ्गता-समावेशी कार्यान्वयनको संरचनागत अभाव ....... ३
४. अधिकार-आधारित र अपाङ्गता-समावेशी रूपान्तरणका लागि आवश्यक सुधार ....... ४
४.१ मधेश प्रदेश सारभूत लैङ्गिक समानता नीति, २०७९ ....... ४
४.२ पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७७ ....... ६
४.३ सुरक्षित बेटी अभियान सञ्चालन निर्देशिका, २०७६ ....... ७
४.४ जनकपुरधाम उपमहानगरपालिकाको न्यायिक समिमिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनपुर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ ....... ९
४.५ जनकपुरधाम उपमहानगरपालिका लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ ....... ११
४.६ राजविराज नगरपालिका बाल अधिकार प्रवर्द्धन तथा संरक्षण सम्बन्धी कार्यविधि, २०८२ ....... १२
४.७ गौर नगरपालिका महिला सुरक्षा आवास सञ्चालन निर्देशिका, २०८१ ....... १४
४.८ महादेवा गाउँपालिका महिला तथा बालिका विरूद्ध हुने हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०८२ ....... १६
४.९ यमुनामाई गाँउपालिका लैंगिक समानता तथा सामाजिक सामाजीकरण नीति, २०८० ....... १८
४.१० कलैया उपमहानगरपालिका अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ ....... २०
५. अधिकार-आधारित तथा अपाङ्गता-समावेशी रूपान्तरणका लागि प्रादेशिक र स्थानीय तहका कार्यान्वयनमुखी सिफारिसहरू ....... २१
५.१ प्रादेशिक तहका लागि सिफारिसहरू ....... २२
५.२ स्थानीय/नगरपालिका तहका लागि सिफारिसहरू ....... २४

# भूमिका

यो प्रकाशन महिला तथा बालिकाहरूविरूद्ध हुने हिंसाको अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घीय कोष (UN Trust Fund to End Violence against Women and Girls) को आर्थिक सहयोगमा र सीबीएम ग्लोबल, नेपाल अपाङ्ग महिला सङ्घ तथा मुक्ति नेपालको सहकार्यमा तयार पारिएको हो । प्रस्तुत नीति विश्लेषणको उद्देश्य मधेश प्रदेशका प्रादेशिक तथा स्थानीय नीतिहरूमा महिला तथा बालिकाहरूमाथि हुने हिंसाका सम्बन्धमा व्यस्था गरिएका विषयहरूलाई अपाङ्गता तथा लैङ्गिक समावेशी दृष्टिकोणबाट समीक्षा गर्नु हो ।

यस अध्ययन तथा प्रकाशन प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुर्याउनुहुने सबै व्यक्ति, संस्था तथा सरोकारवालाप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौँ। विशेष रूपमा, नीति समीक्षा, तथ्य सङ्कलन, तथा सुझाव प्रदानजस्ता पक्षहरूमा सहयोग गर्नुहुने महिला तथा बालिका अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरू, अपाङ्गता भएका व्यक्तिहरूका संस्था , नागरिक समाजका प्रतिनिधि, तथा नीति विश्लेषण प्रक्रियामा सहभागी सबै सरोकारवालाहरूप्रति हामी कृतज्ञ छौं ।

मधेश प्रदेशका विभिन्न जिल्लाबाट आफ्ना अनुभव, दृष्टिकोण तथा सुझावहरू दिनुहुने अपाङ्गता भएका महिलाहरू, उहाँहरूका परिवारका सदस्यहरू, तथा समुदायस्तरका प्रतिनिधिहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछौं । उहाँहरूको अनुभव र सहभागिताले यस विश्लेषणलाई अझ सान्दर्भिक, तथ्यपरक तथा अधिकारमुखी बनाउन महत्वपूर्ण योगदान पुर्याएको छ ।

यस प्रकाशनको प्राविधिक विश्लेषण तथा प्रमाणीकरण प्रक्रियामा सहयोग पुर्याउनुहुने अधिवक्ता डा.विद्या चापागाईंप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं । अन्त्यमा, सबै विज्ञ व्यक्तित्व, साझेदार संस्था र समावेशी विकास, लैङ्गिक न्याय एवं अपाङ्गता अधिकार प्रवर्द्धनमा प्रतिबद्ध व्यक्तिहरूप्रति पनि हामी हार्दिक आभार व्यक्त गर्दछौँ।

**स्पष्टीकरण (Disclaimer)**

यो प्रकाशन महिला तथा बालिकाहरूविरूद्ध हुने हिंसाको अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घीय कोष (UN Trust Fund to End Violence against Women and Girls) को आर्थिक सहयोगमा तयार गरिएको हो । यद्यपि, यस प्रकाशनमा व्यक्त गरिएका विचार, विश्लेषण, निष्कर्ष तथा सामग्रीहरू लेखक तथा प्रकाशक संस्थाहरूका हुन् र तिनले संयुक्त राष्ट्रसङ्घ वा संयुक्त राष्ट्रसङ्घ ट्रष्ट फण्डको आधिकारिक धारणा र मान्यताहरूलाई प्रतिनिधित्व गरेको मानिने छैन ।

यस प्रकाशनको तयारीका क्रममा महिला तथा बालिकाविरूद्ध हुने हिंसाका सम्बन्धमा गरिने कामकारबाहीमा लागू हुने सुरक्षा, नैतिकता तथा 'हानि नगरौँ' (Do No Harm) सिद्धान्तहरूको पालना गर्ने प्रयास गरिएको छ । व्यक्तिगत अनुभव, उद्धरण वा अन्य पहिचान खुल्ने विवरणहरू प्रयोग गर्नुपरेका अवस्थामा सम्बन्धित व्यक्तिको पूर्वसूसुचित सहमति प्राप्त गरिएको छ अथवा आवश्यकताअनुसार पहिचान गोप्य राखिएको छ ।

**नीति संक्षेप**

**महिला तथा बालिकाविरूद्धको हिंसा रोकथाम र प्रतिक्रियाः**
**मधेश प्रदेशका प्रादेशिक र स्थानीय नीतिहरूमा लैङ्गिक तथा अपाङ्गता समावेशी सवालहरू**

**माघ २०८२**

## १. नीति संक्षेपको परिचय

मधेश प्रदेशमा महिला तथा बालिकाविरूद्ध हुने लैङ्गिक हिंसा संरचनागत र व्यापक समस्या हो, जसमा अपाङ्गता भएका महिला तथा बालिकाहरू बहुविध भेदभाव र पहुँच अवरोधका कारण विशेष रूपमा उच्च जोखिममा छन् । यद्यपि प्रादेशिक तथा स्थानीय तहमा लैङ्गिक हिंसा सम्बोधनका लागि विभिन्न नीति र कानुनी संरचनाहरू विद्यमान छन्, ती संरचनाहरू अपाङ्गता–समावेशी, अधिकार–आधारित र व्यवहारिक कार्यान्वयनका दृष्टिले कत्तिको प्रभावकारी छन् भन्ने प्रश्न अझै कायम छ । यही सन्दर्भमा यो नीति संक्षेपले मधेश प्रदेशमा महिला तथा बालिकाविरूद्ध हुने लैङ्गिक हिंसा सम्बोधनसम्बन्धी प्रादेशिक तथा स्थानीय नीति र कानुनी संरचनाहरूको अपाङ्गता–समावेशीता, मानवअधिकार–आधारित दृष्टिकोण र कार्यान्वयन क्षमताको मूल्याङ्कन गर्नु हो । अध्ययनको दायरा प्रादेशिक नीति, ऐन र कार्यविधिसँगै प्रतिनिधि स्थानीय तहका रणनीतिहरूमा केन्द्रित छ, जहाँ बालिका संरक्षण, अपाङ्गता समावेशीकरण, लैङ्गिक हिंसा र स्थानीय न्याय तथा सेवा प्रणालीलाई विशेष ध्यान दिइएको छ ।

**प्रादेशिक तथा स्थानीय/नगरपालिका तहमा समीक्षा गरिएका लैङ्गिक हिंसा र लैङ्गिक समानतासम्बन्धी नीतिहरूको सूची**

**प्रादेशिक तहका नीतिहरू**

- पीडितका लागि आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७७
- सुरक्षित छोरी अभियान सञ्चालन निर्देशिका, २०७७
- प्रादेशिक स्तरिय लैगिंक समानता नीति, २०७९

**स्थानीय/नगरपालिका तहका नीतिहरू**

- जनकपुरधाम उपमहानगरपालिका न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि, २०७५
- जनकपुरधाम उपमहानगरपालिका लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

- कलैया उपमहानगरपालिका अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५
- राजविराज नगरपालिका बाल अधिकार प्रवर्द्धन तथा संरक्षण सम्बन्धी कार्यविधि, २०८२
- गौर नगरपालिका महिला सुरक्षा आवास सञ्चालन निर्देशिका, २०८१
- महादेवा गाँउपालिका महिला तथा बालिका विरूद्ध हुने हिंसा सम्बोधनका लागि
  सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०८२
- यमुनामाई गाँउपालिका लैंगिक समानता तथा सामाजिक सामाजीकरण नीति, २०८०

अध्ययन CEDAW को समानता र गैर-भेदभावका सिद्धान्त, CRPD को विश्वव्यापी ढाँचा (Universal Design) र उपयुक्त अनुकूलता (Reasonable Accomodation) का सिद्धान्त, तथा क्म्क को "कोही पनि नछुटुन" सिद्धान्तमा आधारित छ । यी मापदण्डहरूले नीतिहरूले अपाङ्गता भएका महिला तथा बालिकाको अधिकार, पहुँचयुक्तता, पीडित/प्रभावित-केन्द्रितता र राज्यको जवाफदेहिता कत्तिको सुनिश्चित गरेका छन् भन्ने मूल्याङ्कनका लागि विश्लेषणात्मक आधार प्रदान गर्छन् । मुख्य रूपमा नीतिगत स्पष्टता र परिभाषा, अन्तरसम्बन्धित दृष्टिकोण, कानुनी उपचार र जवाफदेहिता, र न्याय तथा सेवामा पहुँचलाई आधार बनाएर १० वटा प्रादेशिक तथा स्थानीय नीतिहरू समीक्षा गरिएको गरेको छ । विश्लेषणका सूचकहरूमा अधिकार-आधारित दृष्टिकोण, अपाङ्गता-समावेशीता, पहुँचयुक्तता, पीडित/प्रभावित-केन्द्रित, जवाफदेहिता र बहु-क्षेत्रीय समन्वय समावेश छन् । साथै, सरोकारवाला संस्था र अपाङ्गता भएका महिलाका संघसंस्थासँग परामर्श गरी निष्कर्षहरू प्रमाणीकरण गरिएको छ ।

## २. मधेश प्रदेशमा अपाङ्गता भएका महिला तथा बालिकाहरू विरूद्ध हुने हिंसाको अवस्था

मधेश प्रदेशको कुल जनसंख्या ६१,१४,६९९ मध्ये १.५० प्रतिशत (९१,६४७) व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ, जसमा ४३.१८ प्रतिशत महिला छन्[1] । यति ठूलो जनसंख्या उपस्थितिका बाबजुद अपाङ्गता भएका महिला तथा बालिकाहरूको हिंसाको अवस्था नीतिगत र तथ्याङ्कीय रूपमा पर्याप्त रूपमा देखिएको छैन । नेपाल प्रहरीको आर्थिक वर्ष २०८१/८२ को तथ्याङ्कले जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, बालयौन दुर्व्यवहार र घरेलु हिंसाका घटनाबाट अपाङ्गता भएका महिला तथा बालिकाहरू प्रभावित भएको देखाउँछ । विशेषतः २८९ जबरजस्ती करणीका घटनामध्ये शारीरिक अपाङ्गता भएका ३ जना (१ महिला, २ बालिका) र मानसिक अपाङ्गता भएका १२ जना (६ महिला, ६ बालिका)[2] पीडित/प्रभावित हुनु उनीहरूको दोहोरो असुरक्षाको स्पष्ट संकेत हो ।

१. राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनसंख्या तथा घरधुरी सवेक्षण, २०७८, राष्ट्रिय प्रतिवेदन ।

२. नेपाल प्रहरीबाट २०८२ माघ १९ गते नेपाल अपाङ्ग महिला संघलाई प्राप्त तथ्याङ्क ।

यद्यपि, घरेलु हिंसाका ६,९४६ घटनामा अपाङ्गता भएका पीडित/प्रभावितहरूको स्पष्ट पहिचान नहुनु प्रणालीगत तथ्याङ्क संकलनको कमजोरी र उजुरी पहुँचमा रहेको संरचनागत अवरोधको द्योतक हो । राष्ट्रिय अपाङ्ग महासंघको अध्ययनअनुसार[3] यौन हिंसाबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूमध्ये ६७ प्रतिशत मधेसी समुदायका हुनु जातीय पहिचान, सामाजिक बहिष्करण र अपाङ्गताको अन्तरसम्बन्धलाई उजागर गर्दछ । सञ्चार अवरोध, सांकेतिक भाषा दोभाषेको अभाव, सेवाकेन्द्रमा गोपनीयता र पहुँचको कमी तथा नकारात्मक सामाजिक दृष्टिकोणका कारण अपाङ्गता भएका महिला तथा बालिकाहरूको न्याय र सेवा पहुँच गम्भीर रूपमा सीमित भएको देखिन्छ । मधेश प्रदेशमा अपाङ्गता भएका महिला तथा बालिकामाथि हुने हिंसा तथ्याङ्कमा देखिएकोभन्दा धेरै व्यापक र गहिरो हुन सक्ने सम्भावना उच्च रहेको देखाउँछ ।

## ३. मधेश प्रदेशमा लैङ्गिक हिंसा सम्बोधनका नीतिहरूः अपाङ्गता-समावेशी कार्यान्वयनको संरचनागत अभाव

मधेश प्रदेशका प्रादेशिक तथा स्थानीय तहका नीतिहरूले महिला तथा बालिका विरूद्ध हुने लैङ्गिक हिंसा सम्बोधन गर्ने प्रतिबद्धता जनाए पनि ती नीतिहरू अधिकार-आधारित, अपाङ्गता-समावेशी र जवाफदेही कार्यान्वयन संरचनाबाट कमजोर रहेको देखिन्छ । अधिकांश नीतिहरू घोषणात्मक तहमा सीमित छन्, जहाँ स्पष्ट कार्ययोजना, मापनयोग्य सूचक, उत्तरदायित्व र प्रभावकारी अनुगमन संयन्त्रको अभावले नीतिको उद्देश्य र व्यवहारिक कार्यान्वयनबीच गहिरो अन्तर रहेको छ । लैङ्गिक हिंसालाई मानवअधिकार उल्लङ्घनका रूपमा पूर्ण रूपमा परिभाषित नगर्नु र हिंसाको अवधारणालाई शारीरिक तथा यौनिक स्वरूपमा मात्र सीमित गर्नुले मनोसामाजिक, आर्थिक, डिजिटल र संरचनागत हिंसाजस्ता बहुआयामिक स्वरूपहरू नीतिगत रूपमा अदृश्य बनेका छन्, जसको प्रत्यक्ष असर अपाङ्गता भएका महिला तथा बालिकामा परेको देखिन्छ ।

अन्तरसम्बन्धित दृष्टिकोणको अभाव, मेडिकल मोडलको प्रभुत्व र लक्षित संरक्षण उपायहरूको कमीका कारण अपाङ्गता भएका महिला तथा बालिकाहरूले भोग्ने दोहोरो तथा बहुआयामिक भेदभाव नीतिगत रूपमा सम्बोधन हुन सकेको छैन । कानुनी उपचार, उजुरी व्यवस्थापन र न्यायिक पहुँच अपाङ्गता-मैत्री नहुनुले दण्डहीनताको जोखिम बढाएको छ भने संरक्षण, स्वास्थ्य, मनोसामाजिक सहयोग र पुनर्स्थापनामा पहुँच सीमित बनेको छ । साथै, बहु-क्षेत्रीय समन्वय, अपाङ्गता-वर्गीकृत तथ्याङ्क, लक्षित बजेट र अर्थपूर्ण सहभागिताको अभावले नीतिहरूको प्रभावकारिता कमजोर बनाएको छ । महिला तथा बालिका विरूद्धको लैङ्गिक हिंसा सम्बोधन गर्ने विद्यमान नीतिहरूलाई घोषणात्मक प्रतिबद्धताबाट व्यवहारिक, मानवअधिकार-केद्रित, अपाङ्गता-समावेशी र बहु-क्षेत्रीय कार्यान्वयनतर्फ रूपान्तरण गर्न गहिरो नीतिगत सुधार अपरिहार्य रहेको निष्कर्ष प्रस्तुत गर्दछ ।

३. NFDN and MYRIGHT (2019) A Study on Disability and Sexual and Gender–Based Violence, Nepal Country Report, p.3.

## ४. अधिकार-आधारित र अपाङ्गता-समावेशी रूपान्तरणका लागि आवश्यक सुधार

अन्तर्राष्ट्रिय सन्धि (CEDAW / CRPD) तथा राष्ट्रिय कानुनको मर्म अनुरूप यस अध्ययनले दुई तहका नीतिगत सिफारिसहरू प्रस्तुत गरेको छ । यी सिफारिसहरूको मुख्य उद्देश्य विद्यमान 'घोषणात्मक' नीतिहरूलाई 'कार्यान्वयनमुखी' संरचनामा बदल्नु र सेवामा व्याप्त 'कल्याणकारी' सोचको सट्टा 'मानवअधिकार-आधारित' र पीडित/प्रभावित-केन्द्रित पद्धतिलाई संस्थागत गर्नु हो ।

### ४.१ मधेश प्रदेश सारभूत लैङ्गिक समानता नीति, २०७९

यी सिफारिसहरूले नीतिलाई घोषणात्मक तहबाट अघि बढाई अधिकार-आधारित, अपाङ्गता-समावेशी र जवाफदेही कानुनी संरचनातर्फ रूपान्तरण गर्ने आधार तयार गर्दछन् । लैङ्गिक हिंसाको स्पष्ट कानुनी मान्यताः नीति र प्रस्तावित ऐनमा लैङ्गिक हिंसालाई लैङ्गिक भेदभावको एक रूप र गम्भीर मानवअधिकार उल्लङ्घनका रूपमा स्पष्ट परिभाषित गरिनुपर्दछ ।

- **परिभाषा खण्ड र दायरा विस्तारः** नीतिमा अनिवार्य रूपमा परिभाषा खण्ड समावेश गरी शारीरिक, यौन, मानसिक, आर्थिक, डिजिटल तथा अनलाइन हिंसा साथै हानिकारक अभ्यासहरूलाई स्पष्ट रूपमा समेटिनुपर्दछ । घर भित्र हुने अदृश्य हिंसा (जस्तैः आर्थिक नियन्त्रण, बेवास्ता) लाई पनि अपराधीकरणको दायरामा ल्याइनुपर्दछ । नीतिलाई बाध्यकारी बनाउन "सारभूत लैङ्गिक समानता ऐन" तथा सम्बन्धित नियमावली तत्काल तर्जुमा गरि राज्यको जवाफदेहितालाई कानुनी रूपमा सुनिश्चित गरिनुपर्दछ ।
- **अपाङ्गता भएका महिला तथा बालिकाको स्पष्ट समावेशीकरणः** अपाङ्गता भएका महिला तथा बालिकालाई सामान्य "पछाडि पारिएका वर्ग" भित्र समाहित नगरी छुट्टै लक्षित अधिकारधारी समूहको रूपमा पहिचान गरिनुपर्दछ । उनीहरूले भोग्ने बहुआयामिक हिंसा (जस्तैः जबर्जस्ती बाँझोकरण, प्रजनन अधिकारको हनन, न्यायमा पहुँचको अभाव) लाई नीतिगत प्राथमिकतामा राखिनुपर्दछ ।
- **हानिकारक अभ्यासहरूको पहिचान र निषेधः** मधेश प्रदेशको सन्दर्भमा दाइजो प्रथा, बालविवाह, बोक्सीको आरोप, घुम्टो प्रथा जस्ता हानिकारक अभ्यासहरूलाई स्पष्ट रूपमा सूचीकरण गरी निषेध गरिनुपर्दछ । अपाङ्गता भएका महिलामाथि हुने अन्धविश्वासजन्य र नियन्त्रणकारी अभ्यासहरूलाई फौजदारी अपराधको रूपमा परिभाषित गरी लक्षित रोकथामका कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

- **अपराधीकरण र न्यायमा पहुँच सुदृढीकरणः** उजुरी दर्तादेखि फैसलासम्मको समपूर्ण प्रक्रियामा अपाङ्गता भएका महिलाका लागि सङ्केतिक भाषा दोभाषे, ब्रेल सामग्री, सरल भाषा, ठूलो अक्षर (large print), अडियो वा टेक्स्ट-टु-स्पीच अनुकूल सामग्री र कार्यविधिगत अनुकुलता अनिवार्य गरिनुपर्दछ । प्रहरी कार्यालय, अदालत र स्वास्थ्य संस्थाहरूलाई अनिवार्य रूपमा "विश्वव्यापी पहुँचयुक्तताको मापदण्ड" अनुसार पहुँचयुक्त पूर्वाधार गर्न कानुनी दायित्व तोकिनु पर्दछ । बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका महिला तथा बालिकाको बयानलाई कानुनी मान्यता दिने स्पष्ट व्यवस्था गरिनुपर्दछ ।
- **संरक्षण, राहत र पुनर्स्थापनाको कानुनी खाकाः** आपतकालीन सुरक्षा आदेश, अन्तरिम राहत, सुरक्षित आवास र दीर्घकालीन पुनर्स्थापनाका लागि स्पष्ट कानुनी तथा संस्थागत संरचना विकास गरिनुपर्दछ । सबै सुरक्षित गृह, सेवा केन्द्र र पुनर्स्थापना कार्यक्रमहरू अपाङ्गतामैत्री हुनुपर्ने र त्यहाँ कार्यरत जनशत्तिहरूलाई अपाङ्गता संवेदनशील हेरचाह र सञ्चारसम्बन्धी तालिम प्रदान गरिनुपर्दछ ।
- **राज्य र स्थानीय तहको जवाफदेहिता सुनिश्चितः** प्रदेश र स्थानीय तहको भूमिका, जिम्मेवारी र समन्वय स्पष्ट गरी हिंसा रोकथाम तथा प्रतिक्रियामा असफल भएमा वा हेलचक्रयाइ गरेमा कानुनी जवाफदेहिताको व्यवस्था गरिनुपर्दछ । सार्वजनिक पदाधिकारीको लापरवाही वा निष्क्रियतामाथि कारबाही गर्न स्वतन्त्र अनुगमन तथा निगरानी संयन्त्र स्थापना गरिनुपर्दछ ।
- **विपद् र आपतकालीन अवस्थासँग नीति समन्वयः** विपद् र आपतकालीन अवस्थामा लैङ्गिक हिंसाको जोखिम न्यूनीकरण तथा सेवा निरन्तरताका लागि विशेष प्रोटोकल विकास गरिनुपर्दछ । आपतकालीन राहत, सुरक्षित आश्रय र स्वास्थ्य सेवामा अपाङ्गता भएका महिलाको प्राथमिक र निरन्तर पहुँच सुनिश्चित गरिनुपर्दछ ।
- **बहु-क्षेत्रीय समन्वय र एकद्वार सेवाः** प्रहरी, स्वास्थ्य सेवा, कानुनी सहायता र मनोसामाजिक सेवाबीच स्पष्ट प्रेषण तथा समन्वय प्रणाली विकास गरिनुपर्दछ। एकद्वार संकट व्यवस्थापन केन्द्रहरूमा अपाङ्गता भएका पीडित/प्रभावित का लागि विशेष उपचार, परामर्श मापदण्ड र दक्ष जनशक्ति सुनिश्चित गरिनुपर्दछ ।
- **ऐन तर्जुमा, तथ्याङ्क र अनुगमनः** नीति कार्यान्वयनलाई प्रभावकारी बनाउन शीघ्र "सारभूत लैङ्गिक समानता ऐन" तथा नियमावली तर्जुमा गरिनुपर्दछ । उमेर, अपाङ्गताको प्रकार, जातजाति, समुदाय र भौगोलिक क्षेत्रका आधारमा खण्डिकृत तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने डिजिटल प्रणाली विकास अनुगमनलाई संस्थागत गरिनुपर्दछ ।

## ४.२ पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७७

यी सिफारिसहरू कार्यान्वयन भएमा निर्देशिका केवल राहत वितरणको साधनमा सीमित नरही न्याय, संरक्षण, पुनर्स्थापना र समानताको अधिकार सुनिश्चित गर्ने मानवअधिकार-मुखी, लैङ्गिक-संवेदनशील तथा अपाङ्गता-समावेशी प्रभावकारी नीतिगत उपकरणका रूपमा रूपान्तरित हुन सक्छ ।

- **मानवअधिकार-आधारित मान्यता सुनिश्चितः** निर्देशिकामा लैङ्गिक हिंसालाई स्पष्ट रूपमा मानवअधिकार उल्लङ्घन तथा लैङ्गिक विभेदको एक रूपका रूपमा परिभाषित गरिनुपर्दछ ।
- **आर्थिक सहायताबाट समग्र क्षतिपूर्ति र पुनर्स्थापनातर्फ विस्तारः** आर्थिक सहायतामा मात्र सीमित नरही स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श, कानुनी सहायता, सुरक्षित आवास, जीविकोपार्जन सहयोग र दीर्घकालीन पुनर्स्थापनासमेत समेट्ने समग्र क्षतिपूर्ति प्याकेजको व्यवस्था गरिनुपर्दछ ।
- **अपराधीकरण र न्यायसँग स्पष्ट सम्बन्ध स्थापनाः** लैङ्गिक हिंसालाई दण्डनीय अपराधका रूपमा स्पष्ट उल्लेख गर्दै, आर्थिक सहायता प्राप्त गर्दा पीडित/प्रभावित को उजुरी गर्ने अधिकार कमजोर नहोस् भन्ने सुनिश्चित गर्न सहायता व्यवस्था आपराधिक अनुसन्धान र न्यायिक प्रक्रियाबाट अलग तर पूरक हुने गरी संरचना गरिनुपर्दछ ।
- **अपाङ्गता-समावेशी र अधिकार-आधारित परिभाषाः** "अशक्त" जस्ता संकुचित तथा चिकित्सकीय (medical model) शब्दावली हटाई, CRPD अनुरूप अपाङ्गता-आधारित मानवअधिकार दृष्टिकोण अवलम्बन गर्दै अपाङ्गता भएका महिला तथा बालिकालाई स्पष्ट रूपमा अधिकारधारीका रूपमा समावेश गरिनुपर्दछ ।
- **उपयुक्त अनुकूलता** (Reasonable Accomodation) **र पहुँचयुक्तता सुनिश्चितः** उजुरी प्रक्रिया, सूचना प्रवाह, आवेदन फाराम, निर्णय तथा भुक्तानी प्रणालीलाई साङ्केतिक भाषा, सरल भाषा, ब्रेल, ठूलो अक्षर (large print), अडियो वा टेक्स्ट-टु-स्पीच अनुकूल सामग्री, सहायक व्यक्तिको व्यवस्था, पीडित/प्रभावित-सहयोगी निर्णय लिने अभ्यास/व्यवस्था, पहुँचयुक्त भवन तथा प्रविधिसहित अपाङ्गतामैत्री बनाइनुपर्दछ ।
- **जवाफदेहिता र उजुरी संयन्त्र स्थापनाः** सहायता प्राप्तिमा वञ्चित, ढिलाइ वा लापरवाही भएमा पीडित/प्रभावितले उजुरी दिन सक्ने स्वतन्त्र गुनासो सुनुवाइ संयन्त्र स्थापना गरिनुपर्छ, साथै लापरवाही वा अधिकार हनन गर्ने अधिकारीमाथि कारबाहीको स्पष्ट व्यवस्था गरिनुपर्दछ ।

- **बहु-क्षेत्रीय समन्वय संस्थागतकरण:** स्वास्थ्य सेवा प्रदायक, प्रहरी, न्यायिक समिति, एकद्वार संकट व्यवस्थापन केन्द्र र सामाजिक सेवाबीच स्पष्ट भूमिका, जिम्मेवारी तथा रेफरल प्रोटोकलसहितको संस्थागत समन्वय संयन्त्र निर्देशिकामा समावेश गरिनुपर्दछ ।
- **विपद् तथा आपतकालीन सन्दर्भमा विशेष प्रबन्ध:** विपद् र आपतकालीन अवस्थामा लैङ्गिक हिंसाको जोखिम न्यूनीकरण, सेवा निरन्तरता र अपाङ्गता-समावेशी प्रतिक्रियाका लागि विशेष प्रावधान तथा शीघ्र सहायता प्रदान गर्ने व्यवस्था गरिनुपर्दछ ।
- **खण्डीकृत तथ्याङ्क र पारदर्शिता सुनिश्चित:** लिङ्ग, उमेर, अपाङ्गताको प्रकार, जातिजातीयता अनुसार खण्डीकृत तथ्याङ्क सङ्कलन, सार्वजनिक प्रतिवेदन प्रणाली र पारदर्शी बजेट व्यवस्थापन अनिवार्य गरिनुपर्दछ ।
- **स्वतन्त्र अनुगमन र सहभागिता सुनिश्चित:** अनुगमन संयन्त्रमा नागरिक समाज, महिला अधिकार समूह तथा अपाङ्गता भएका महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै स्वतन्त्र र विश्वसनीय अनुगमन प्रणाली विकास गरिनुपर्दछ ।
- **कानुनी सुदृढीकरण:** निर्देशिकाको कार्यान्वयन प्रभावकारी र दिगो बनाउन यसलाई प्रादेशिक कानुन वा बाध्यकारी कार्यविधिसँग आबद्ध गरी यसको कानुनी हैसियत सुदृढ गरिनुपर्दछ ।

## ४.३ सुरक्षित बेटी अभियान सञ्चालन निर्देशिका, २०७६

यी सिफारिसहरू कार्यान्वयन गरिएमा सुरक्षित बेटी अभियान सञ्चालन निर्देशिका, २०७६ नारामुखी अभियानमा मात्र सीमित नरही मानवअधिकार-आधारित, अपाङ्गता-समावेशी तथा जवाफदेही नीतिगत उपकरणका रूपमा रूपान्तरण हुन सक्छ ।

- **लैङ्गिक हिंसालाई मानवअधिकार उल्लङ्घनका रूपमा स्पष्ट कानुनी मान्यता:** निर्देशिकामा लैङ्गिक हिंसालाई स्पष्ट रूपमा लैङ्गिक विभेद तथा गम्भीर मानवअधिकार उल्लङ्घन का रूपमा परिभाषित गर्न आवश्यक संशोधन गरिनुपर्दछ ।
- **परिभाषा र दायरा विस्तार तथा अद्यावधिक:** शारीरिक, यौनिक, मानसिक, आर्थिक, डिजिटल तथा अनलाइन हिंसा, साथै मधेश प्रदेशमा प्रचलित हानिकारक अभ्यासहरू (दाइजो, बालविवाह, बोक्सीको आरोप आदि) लाई स्पष्ट रूपमा समेट्ने गरी छुट्टै परिभाषा खण्ड समावेश गरिनुपर्दछ । साथै "जोखिममा रहेका समूह" को परिभाषाभित्र अपाङ्गता भएका महिला तथा बालिकालाई स्पष्ट रूपमा सूचिकृत गरिनुपर्दछ ।

- **अपाङ्गता–समावेशी विशेष प्रावधानको सुनिश्चितताः** अपाङ्गता भएका महिला तथा बालिकाका लागि विशेष सुरक्षा, पहुँच तथा उपयुक्त अनुकूलतासम्बन्धी स्पष्ट प्रावधानहरू निर्देशिकामा समावेश गरिनुपर्दछ । सबै सेवा केन्द्र, आश्रय गृह तथा उजुरी प्रणालीहरू पहुँचयुक्त सूचना र सञ्चार प्रणालीसहित सञ्चालन गर्न अनिवार्य गरिनुपर्दछ ।
- **अपराधीकरण र जवाफदेहिता संयन्त्र सुदृढीकरणः** सबै प्रकारका लैङ्गिक हिंसालाई दण्डनीय अपराधका रूपमा स्पष्ट रूपमा स्वीकार गर्ने प्रावधान राखी उल्लङ्घनकर्तामाथि कारबाही गर्ने मार्गचित्र निर्देशिकामा समावेश गरिनुपर्दछ । साथै कार्यान्वयनमा असफल हुने सार्वजनिक पदाधिकारी तथा निकायलाई जवाफदेही बनाउने उजुरी, छानबिन र कारबाहीसम्बन्धी स्पष्ट प्रक्रिया स्थापना गरिनुपर्दछ ।
- **उजुरी, संरक्षण र न्यायमा पहुँच सुदृढीकरणः** उजुरी दर्ता, अनुसन्धान तथा न्यायिक प्रक्रियालाई अपाङ्गता–मैत्री बनाउने स्पष्ट कार्यविधि विकास गरिनुपर्दछ । मोबाइल एप, हेल्पलाइन तथा अनलाइन प्रणालीहरू दृष्टिविहीन, श्रवण तथा बौद्धिक अपाङ्गता भएका महिला तथा बालिकाले प्रयोग गर्न सक्ने गरी पहुँचयुक्त बनाइनुपर्दछ । साथै आपतकालीन सुरक्षा आदेश, अन्तरिम राहत तथा सुरक्षित आवाससम्बन्धी व्यवस्था स्पष्ट गरिनुपर्दछ ।
- **पीडित/प्रभावित –केन्द्रित सहायता सेवा तथा रेफरल प्रणालीः** मनोसामाजिक परामर्श, स्वास्थ्य सेवा, कानुनी सहायता, शिक्षा तथा जीविकोपार्जन सहयोगलाई एकीकृत गरी एकद्वार रेफरल प्रणाली स्थापना गरिनुपर्दछ । सबै सेवा अपाङ्गता–संवेदनशील मापदण्डअनुसार सञ्चालन हुने व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।
- **रोकथाम र व्यवहार परिवर्तन कार्यक्रम सुदृढीकरणः** सचेतनामूलक सामग्री साङ्केतिक भाषा, सरल नेपाली, मैथिली तथा भोजपुरी भाषामा तयार गरिनुपर्दछ । अपाङ्गता भएका महिला तथा बालिकामाथि हुने हिंसाको जोखिम लक्षित गरी विशेष रोकथाम कार्यक्रम विकास गरिनुपर्दछ । विद्यालय पाठ्यक्रममा लैङ्गिक समानता र अपाङ्गता अधिकारसम्बन्धी सामग्री अनिवार्य रूपमा समावेश गरिनुपर्दछ ।
- **बहु–क्षेत्रीय समन्वयको स्पष्ट संरचनाः** स्वास्थ्य, प्रहरी, न्यायिक समिति, महिला डेस्क तथा सामाजिक सेवाबीच स्पष्ट भूमिका विभाजन र मानक कार्यविधि विकास गरिनुपर्दछ । अपाङ्गता भएका पीडित/प्रभावितलाई सेवा प्रदान गर्दा उपयुक्त अनुकूलता कसरी सुनिश्चित गर्ने भन्ने विषयमा स्पष्ट निर्देशन समावेश गरिनुपर्दछ ।

- **विपद् तथा आपतकालीन सन्दर्भमा विशेष व्यवस्था:** विपद् तथा आपतकालीन अवस्थामा लैङ्गिक हिंसाको जोखिम न्यूनीकरण र सेवा निरन्तरताका लागि विशेष प्रोटोकल विकास गरिनुपर्दछ । विपद् प्रतिक्रिया योजना अनिवार्य रूपमा अपाङ्गता-समावेशी गरिनुपर्दछ ।

- **कार्यान्वयन, अनुगमन र बजेट सुनिश्चितता:** निर्देशक तथा अनुगमन समितिहरूमा अपाङ्गता भएका महिला तथा अपाङ्गता अधिकार क्षेत्रमा कार्यरत संस्थाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिनुपर्दछ । अपाङ्गता-खण्डिकृत तथ्याङ्क सङ्कलन प्रणाली विकास गर्दै स्पष्ट सूचक, समयसीमा तथा समर्पित बजेट शीर्षकसहित स्वतन्त्र अनुगमन संयन्त्र स्थापना गरिनुपर्दछ ।

## ४.४ जनकपुरधाम उपमहानगरपालिकाको न्यायिक समिमिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनपुर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

यी सिफारिसहरूको कार्यान्वयनले जनकपुरधाम न्यायिक समितिलाई केवल मेलमिलाप केन्द्रमा सीमित नराखी मधेस प्रदेशका महिला तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि भरोसायोग्य, पहुँचयुक्त अधिकार-आधारित न्यायको संस्थागत प्रवेशद्वारका रूपमा स्थापित गर्न सहयोग पुर्याउन सक्छ ।

- **लैङ्गिक हिंसाको स्पष्ट, अधिकार-आधारित परिभाषा:** न्यायिक समितिको कार्यविधिमा लैङ्गिक हिंसालाई लैङ्गिक विभेदबाट उत्पन्न गम्भीर मानवअधिकार उल्लङ्घनका रूपमा स्पष्ट कानुनी परिभाषा समावेश गरिनुपर्दछ ।

- **अपाङ्गता-समावेशी न्याय सुनिश्चित गर्ने विशेष प्रावधान:** अपाङ्गता भएका महिला तथा बालिकाका लागि उपयुक्त अनुकूलता सुनिश्चित गर्ने स्पष्ट प्रावधान कार्यविधिमा समावेश गरिनुपर्दछ । यसअन्तर्गत साङ्केतिक भाषा दोभाषे, सहयोगी व्यक्ति, पीडित/प्रभावित -सहयोग निणर्य लिने अभ्यास, सहज भाषा, पहुँचयुक्त फाराम तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधारलाई अनिवार्य व्यवस्था बनाइनुपर्दछ । अपाङ्गता भएका महिला तथा बालिकाको बयान लिँदा सहयोगी व्यक्ति, साङ्केतिक भाषा दोभाषे तथा उनीहरूलाई पायक पर्ने र सुरक्षित स्थानमा सुनुवाइ गर्ने व्यवस्था कार्यविधिमा स्पष्ट रूपमा थप गरिनुपर्दछ ।

- **गम्भीर हिंसाका मुद्दामा अनिवार्य र सुरक्षित रेफरल प्रणाली:** न्यायिक समितिको क्षेत्राधिकार बाहिर पर्ने गम्भीर अपराध (बलात्कार, यौनजन्य हिंसा, एसिड आक्रमण) का हकमा तत्काल, सुरक्षित र पीडित/प्रभावित-केन्द्रित रेफरल प्रक्रिया कार्यविधिमा स्पष्ट रूपमा समावेश गरिनुपर्दछ । प्रहरी, स्वास्थ्य संस्था तथा अदालतसँग समन्वयका लागि मानक कार्यविधि विकास गरिनुपर्दछ ।

- **मेलमिलाप प्रक्रियामा कडा मापदण्डः** लैङ्गिक हिंसाका मुद्दामा पीडित/प्रभावितको स्वतन्त्र, सूचित र स्वेच्छिक सहमति बिना मेलमिलाप गर्न नपाइने स्पष्ट व्यवस्था गरिनुपर्दछ। मेलमिलापकर्ताका लागि लैङ्गिक संवेदनशीलता, आघात-सूचित दृष्टिकोण (trauma–informed approach) तथा अपाङ्गता-समावेशी न्यायसम्बन्धी तालिम अनिवार्य गरिनुपर्दछ। फौजदारी प्रकृतिका तथा गम्भीर शारीरिक वा यौन हिंसासम्बन्धी मुद्दामा "जबर्जस्ती मेलमिलाप" लाई पूर्णतः निषेध गरी तत्काल प्रहरी र अदालतमा प्रेषण गर्ने स्पष्ट संयन्त्र कार्यविधिमा समावेश गरिनुपर्दछ।
- **संरक्षणात्मक आदेशको प्रभावकारी कार्यान्वयनः** अन्तरिम संरक्षणात्मक आदेश, बन्द इजलास तथा गोपनीयतासम्बन्धी प्रावधानको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न प्रहरी र सामाजिक सेवासँग औपचारिक समन्वय संयन्त्र स्थापना गरिनुपर्दछ। आदेश उल्लङ्घनमा हुने कारबाही र अनुगमनको स्पष्ट व्यवस्था कार्यविधिमा समेटिनुपर्दछ।
- **क्षतिपूर्ति, पुनर्स्थापना र दीर्घकालीन उपचारः** पीडित/प्रभावितको क्षतिपूर्ति, पुनर्स्थापना तथा दीर्घकालीन मनोसामाजिक उपचार सुनिश्चित गर्ने स्पष्ट संयन्त्र विकास गरिनुपर्दछ। मेलमिलापको नतिजाबाट पनि पीडित/प्रभावितको क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सुरक्षित रहने व्यवस्था सुनिश्चित गरिनुपर्दछ।
- **बहु-क्षेत्रीय समन्वयको संस्थागत ढाँचाः** न्यायिक समिति, प्रहरी, स्वास्थ्य संस्था, एकद्वार संकट व्यवस्थापन केन्द्र, सामाजिक सेवा तथा नागरिक समाजबीच भूमिका विभाजनसहितको औपचारिक समन्वय संयन्त्र स्थापना गरिनुपर्दछ। रेफरल, सेवा निरन्तरता तथा तथ्याङ्क आदान-प्रदानका लागि साझा कार्यविधि विकास गरिनुपर्दछ।
- **रोकथाम र क्षमता अभिवृद्धिः** न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीका लागि लैङ्गिक समानता, लैङ्गिक संवेदनशीलता, आघात-सूचित दृष्टिकोण, मानवअधिकार तथा अपाङ्गता-समावेशी न्यायसम्बन्धी नियमित तालिम अनिवार्य गरिनुपर्दछ। साथै स्थानीय तहमा लैङ्गिक हिंसा रोकथामसम्बन्धी सचेतना र व्यवहार परिवर्तन कार्यक्रमसँग संस्थागत रूपमा आबद्धता कायम गरिनुपर्दछ।
- **विपद् तथा आपतकालीन सन्दर्भमा विशेष व्यवस्थाः** विपद् तथा आपतकालीन अवस्थामा लैङ्गिक हिंसाको जोखिम न्यूनीकरण, सेवा निरन्तरता तथा अपाङ्गता-समावेशी प्रतिक्रियासम्बन्धी विशेष प्रावधान कार्यविधिमा समावेश गरिनुपर्दछ।

- **अनुगमन, पारदर्शिता र जवाफदेहिताः** न्यायिक समितिको निर्णय प्रक्रिया, गुणस्तर तथा मानवअधिकार-अनुरूपताको अनुगमन गर्न स्वतन्त्र तथा सहभागी अनुगमन संयन्त्र स्थापना गरिनुपर्दछ । लैङ्गिक तथा अपाङ्गता-आधारित खण्डिकृत तथ्याङ्क सङ्कलन र सार्वजनिक प्रतिवेदन अनिवार्य गरिनुपर्दछ ।

### ४.५ जनकपुरधाम उपमहानगरपालिका लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

यी सिफारिसहरूको कार्यान्वयनले यस कार्यविधिलाई केवल राहत वितरणको संयन्त्रमा सीमित नराखी मानवअधिकार-आधारित, लैङ्गिक-संवेदनशील र अपाङ्गता-समावेशी नीतिगत उपकरणका रूपमा रूपान्तरण गर्न सहयोग पु-याउनेछ । यसले कोषको सञ्चालनलाई प्रभावकारी, न्यायोचित र सबैका लागि पहुँचयुक्त बनाउने आधार तयार गर्दछ ।

- **लैङ्गिक हिंसाको परिभाषा विस्तार र स्पष्टताः** कार्यविधिमा लैङ्गिक हिंसालाई शारीरिक, यौनिक, मानसिक, आर्थिक, संरचनागत तथा प्रविधि-आधारित हिंसा, साथै हानिकारक अभ्यासहरू (बालविवाह, दाइजो, छाउपडी आदि) सहित स्पष्ट र समग्र रूपमा परिभाषित गरिनुपर्दछ ।

- **लैङ्गिक हिंसालाई मानवअधिकार उल्लङ्घनका रूपमा मान्यताः** लैङ्गिक हिंसालाई स्पष्ट रूपमा लैङ्गिक विभेद र गम्भीर मानवअधिकार उल्लङ्घनका रूपमा स्वीकार गर्दै राज्यको 'उचित तत्परता दायित्व' (due deligence obligation) कार्यविधिमा प्रतिबिम्बित गरिनुपर्दछ । साथै, कोषको रकम प्रशासनिक प्रयोजनमा खर्च नगरी कम्तीमा ६० प्रतिशत रकम पीडित/प्रभावितको तत्काल उद्धार, उपचार तथा सुरक्षित आवासमा विनियोजन हुने व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।

- **अपाङ्गता-समावेशी विशेष प्रावधान समावेशः** अपाङ्गता भएका महिला तथा बालिकालाई छुट्टै उच्च जोखिम समूहका रूपमा पहिचान गरी, उनीहरूका लागि पहुँचयुक्तता, उपयुक्त अनुकूलता, सहयोगी व्यक्ति, सहायक उपकरण तथा अतिरिक्त खर्चसम्बन्धी व्यवस्था कोष सञ्चालन मापदण्डमा स्पष्ट रूपमा समावेश गरिनुपर्दछ ।

- **सूचना, उजुरी र सेवा पहुँचयुक्तः** कोषसम्बन्धी सूचना, आवेदन तथा उजुरी प्रक्रिया साङ्केतिक भाषा, सरल भाषा, पहुँचयुक्त ढाँचा, पीडित/प्रभावित सहायता व्यवस्ता तथा वैकल्पिक सञ्चार माध्यममार्फत उपलब्ध गराइनुपर्दछ ।

- **गैर-औचित्यकरणको स्पष्ट निषेधात्मक व्यवस्था:** परम्परा, संस्कृति, धर्म वा सामाजिक प्रथाको नाममा लैङ्गिक हिंसालाई कुनै पनि रूपमा जायज ठहर गर्न नपाइने स्पष्ट निषेधात्मक प्रावधान कार्यविधिमा समावेश गरिनुपर्दछ ।
- गुनासो समाधान र जवाफदेहिता संयन्त्र स्थापना: विशेष गरी अपाङ्गता भएका पीडित/प्रभावितका हकमा सेवा प्रवाहमा हुने ढिलासुस्ती, विभेद वा दुरूपयोगविरूद्ध स्वतन्त्र, गोप्य तथा पीडित/प्रभावित-मैत्री गुनासो व्यवस्थापन संयन्त्र स्थापना गरिनुपर्दछ ।
- अपराधीकरण र न्याय प्रणालीसँग स्पष्ट समन्वय: कोषको सञ्चालनलाई अपराध अनुसन्धान, अभियोजन तथा न्यायिक प्रक्रियासँग स्पष्ट रूपमा जोड्दै, पीडित/प्रभावितलाई प्रहरी, अदालत तथा कानुनी सेवासम्म सहज र सुरक्षित रेफरल हुने व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।
- **अपाङ्गता–मैत्री पुनर्स्थापना र स्वरोजगार कार्यक्रम:** सीपमूलक तालिम, बीउ पूँजी तथा स्वरोजगार कार्यक्रमहरू अपाङ्गता भएका महिलाका लागि अनुकूलित, पहुँचयुक्त तथा दीर्घकालीन आम्दानी सुनिश्चित गर्ने खालका हुनुपर्दछ ।
- **विपद् तथा आपतकालीन अपाङ्गता–समावेशी प्रतिक्रिया योजना:** विपद् तथा आपतकालीन अवस्थामा लैङ्गिक हिंसाको जोखिम न्यूनीकरण, सेवा निरन्तरता तथा अपाङ्गता भएका महिलाको विशेष सुरक्षालाई समेट्ने स्पष्ट प्रावधान कार्यविधिमा थप गरिनुपर्दछ ।
- **अनुगमन, तथ्याङ्क र बजेटमा समावेशी सुधार:** लैङ्गिक तथा अपाङ्गता आधारमा खण्डिकृत तथ्याङ्क सङ्कलन, स्वतन्त्र अनुगमन संयन्त्र, स्पष्ट सूचक र समावेशी बजेट विनियोजन सुनिश्चित गरिनुपर्दछ ।

## ४.६ राजविराज नगरपालिका बाल अधिकार प्रवर्द्धन तथा संरक्षण सम्बन्धी कार्यविधि, २०८२

यी सिफारिसहरूले लैङ्गिक हिंसा र अपाङ्गताको अन्तरसम्बन्धलाई समग्र रूपमा सम्बोधन गर्दै बालिकाको समावेशी पहुँच, स्पष्ट परिभाषा, बहु-क्षेत्रीय समन्वय र प्रभावकारी अनुगमनमार्फत कार्यान्वयन सुनिश्चित गर्छन् । यसले राजविराज नगर पालिकामा सुरक्षित, समावेशी र न्यायपूर्ण स्थानीय शासनका लागि मानवअधिकार-आधारित र अपाङ्गता-समावेशी नीति ढाँचा प्रदान गर्दछ ।

- **परिभाषा र दायराको सुदृढीकरण:** बालिकामाथि हुने सबै प्रकारका लैङ्गिक हिंसा (शारीरिक, यौनिक, मानसिक, आर्थिक, अनलाइन तथा डिजिटल

हिंसा) लाई स्पष्ट रूपमा परिभाषित गरी कार्यविधिको दायरा विस्तार गरिनुपर्दछ । "लैङ्गिक शक्ति सन्तुलन" तथा "बालिका भएकै कारणले हुने हिंसा" (जस्तै महिनावारीसम्बन्धी विभेद, दाइजोका कारण शिक्षाबाट वञ्चितीकरण) लाई छुट्टै अवधारणात्मक खण्डमा सम्बोधन गरिनुपर्दछ ।

- **लैङ्गिक हिंसालाई अपराध र मानवअधिकार उल्लङ्घनका रूपमा मान्यताः** बालिकामाथि हुने लैङ्गिक हिंसालाई स्पष्ट रूपमा दण्डनीय अपराध तथा मानवअधिकार उल्लङ्घनका रूपमा कार्यविधिमा उल्लेख गरिनुपर्दछ । अभियोजन, दण्ड प्रक्रिया तथा सम्बन्धित राष्ट्रिय कानुनसँग प्रत्यक्ष सम्बन्ध स्थापित गरिनुपर्दछ ।
- **अपाङ्गता-समावेशी र अधिकार-आधारित दृष्टिकोणः** अपाङ्गता भएका बालिकालाई केवल "विभेद नगर्ने समूह" नभई स्पष्ट रूपमा अधिकारधारी व्यक्तिका रूपमा मान्यता दिनुपर्दछ । उजुरी, सेवा र न्याय प्रक्रियामा साङ्केतिक भाषा, भिडियो तथा टेक्स्ट हेल्पलाइन, सरल भाषा, सहयोगी व्यक्ति, सहायक उपकरण, भिडियोमार्फत उजुरी दर्ता तथा घरमै पुगेर बयान लिने कार्यविधिगत अनुकूलता अनिवार्य रूपमा व्यवस्था गरिनुपर्दछ ।
- **पहुँचयुक्त, सुरक्षित र गोप्य उजुरी प्रणालीः** बालमैत्री, अपाङ्गता-मैत्री तथा गोप्य उजुरी प्रणाली (अनलाइन, अफलाइन र हेल्पलाइन) विकास गरिनुपर्दछ । उजुरी दर्ता, अनुसन्धान तथा गुनासो समाधानका लागि स्पष्ट समयसीमा र उत्तरदायित्व निर्धारण गरिनुपर्दछ ।
- **रोकथाम तथा समुदाय-आधारित हस्तक्षेपः** विशेषतः अपाङ्गता भएका बालिकालाई लक्षित गरी लैङ्गिक रूढी, हानिकारक अभ्यास तथा हिंसाविरूद्ध लक्षित सचेतना कार्यक्रम सञ्चालन गरिनुपर्दछ । विद्यालय, समुदाय तथा परिवारस्तरमा लैङ्गिक-संवेदनशील तथा अपाङ्गता-समावेशी व्यवहार परिवर्तन कार्यक्रम र पाठ्यक्रम अनिवार्य गरिनुपर्दछ ।
- **संरक्षण, सहायता सेवा र घटना व्यवस्थापनः** आपतकालीन स्याहार, उपचार, मनोसामाजिक परामर्श तथा कानुनी सहयोगलाई पीडित/प्रभावित-केन्द्रित र अपाङ्गता-मैत्री बनाइनुपर्दछ । अपाङ्गता भएका बालिकाका घटनाहरूमा बालबालिकाको सर्वोत्तम हितलाई मार्गदर्शक सिद्धान्तका रूपमा अपनाउँदै एकीकृत घटना व्यवस्थापन प्रणाली र स्पष्ट रेफरल प्रोटोकल विकास गरिनुपर्दछ ।
- **क्षतिपूर्ति तथा दीर्घकालीन पुनर्स्थापनाः** हिंसा प्रभावित बालिकाका लागि क्षतिपूर्ति, शिक्षा निरन्तरता, स्वास्थ्य सेवा तथा सामाजिक पुनर्स्थापना

सुनिश्चित गर्ने स्पष्ट संयन्त्र विकास गरिनुपर्दछ । अपाङ्गता भएका बालिकाका लागि दीर्घकालीन समर्थन (सहायक उपकरण, निरन्तर परामर्श तथा सामाजिक संरक्षण) समावेश गरिनुपर्दछ ।

- **बहु-क्षेत्रीय समन्वय र संस्थागत स्पष्टता:** स्वास्थ्य, प्रहरी, न्यायिक समिति, ओसिएमसी, सामाजिक सेवा तथा स्थानीय तहबीच भूमिकागत स्पष्टता र औपचारिक समन्वय प्रोटोकल स्थापना गरिनुपर्दछ । अपाङ्गता भएका बालिकाको घटना व्यवस्थापनमा अन्तर-क्षेत्रीय समन्वयलाई प्राथमिकतामा राखिनुपर्दछ ।
- **विपद् तथा आपतकालीन सन्दर्भमा समावेशी प्रतिक्रिया:** विपद् व्यवस्थापन योजनामा अपाङ्गता-समावेशी तथा लैङ्गिक-संवेदनशील उपाय स्पष्ट रूपमा समावेश गरिनुपर्दछ । संकटका समयमा सेवा निरन्तरता र पहुँच सुनिश्चित गर्ने व्यवस्था अनिवार्य गरिनुपर्दछ ।
- **कार्यान्वयन र अनुगमन:** लैङ्गिक र अपाङ्गता-आधारित खण्डिकृत तथ्याङ्क संकलन, स्पष्ट अनुगमन सूचक तथा स्वतन्त्र मूल्याङ्कन संयन्त्र स्थापना गरिनुपर्दछ । समावेशी कार्यान्वयनका लागि पर्याप्त र छुट्टै बजेट विनियोजन सुनिश्चित गरिनुपर्दछ ।

### ४.७ गौर नगरपालिका महिला सुरक्षा आवास सञ्चालन निर्देशिका, २०८१

यी सिफारिसहरूले विशेषगरी सबैभन्दा सीमान्तकृत र जोखिममा रहेका अपाङ्गता भएका महिला तथा बालिकाहरूको समावेशी पहुँच सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ । यस्तो दृष्टिकोण अपनाइएमा सुरक्षा आवासलाई हिंसा प्रभावित महिला तथा बालिकाहरूका लागि सुरक्षित, मर्यादित र न्यायसम्म पहुँच सुनिश्चित गर्ने प्रभावकारी संरक्षण संयन्त्रका रूपमा विकास गर्न सकिनेछ ।

- **परिभाषा र दायराको विस्तार:** "हिंसा प्रभावित महिला" को परिभाषा विस्तार गरी शारीरिक, यौनिक, मानसिक, आर्थिक, डिजिटल तथा अनलाइन हिंसा, साथै हानिकारक अभ्यासहरूलाई स्पष्ट रूपमा समेटिनुपर्दछ । घरबाट निष्कासित नभए पनि निरन्तर हिंसाको जोखिममा रहेका महिलाहरूलाई सुरक्षा आवासको पहुँच सुनिश्चित गर्ने व्यवस्था निर्देशिकामा समावेश गरिनुपर्दछ ।
- **अपाङ्गता-समावेशी दृष्टिकोणको संस्थागतकरण:** अपाङ्गता भएका महिला तथा बालिकालाई स्पष्ट रूपमा लक्षित समूहका रूपमा परिभाषित गर्दै निर्देशिकामा समावेश गरिनुपर्दछ । सुरक्षा आवासको भौतिक पूर्वाधार, सञ्चार प्रणाली र सेवा प्रवाहलाई अपाङ्गता-मैत्री (र्याम्प, पहुँचयुक्त शौचालय, साङ्केतिक

भाषा, सहज सूचना ढाँचा) बनाउने कानुनी दायित्व तोकिनुपर्दछ । साथै अपाङ्गता भएका महिलाका लागि व्यक्तिगत सहयोगी, सहायक उपकरण तथा विशेष स्वास्थ्य सेवाको व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।

- **हिंसाको गैर-औचित्यकरणसम्बन्धी स्पष्ट प्रावधानः** परम्परा, संस्कृति, धर्म वा सामाजिक प्रथाको नाममा कुनै पनि प्रकारको लैङ्गिक हिंसा जायज नहुने स्पष्ट निषेधात्मक व्यवस्था निर्देशिकामा समावेश गरिनुपर्दछ । अपाङ्गता भएका महिलामाथि हुने हानिकारक विश्वास र अभ्यासलाई हिंसाका स्वरूपका रूपमा स्पष्ट रूपमा मान्यता दिइनुपर्दछ ।
- **अपराधीकरण, उजुरी र जवाफदेहिताः** सबै प्रकारका लैङ्गिक हिंसालाई अपराधका रूपमा स्वीकार गर्ने स्पष्ट प्रावधान राखी प्रहरी, न्यायिक समिति तथा अदालतसँग सुरक्षा आवासको भूमिकागत समन्वय स्पष्ट गरिनुपर्दछ । अपाङ्गता भएका महिलाका लागि पहुँचयुक्त, गोप्य र सुरक्षित उजुरी तथा गुनासो समाधान संयन्त्र स्थापना गरिनुपर्दछ । साथै आवासभित्र सेवा प्रदायकको लापरवाही वा दुर्व्यवहारविरूद्ध स्पष्ट अनुशासनात्मक र उत्तर दायित्वसम्बन्धी व्यवस्था समावेश गरिनुपर्दछ ।
- **रोकथाम तथा सशक्तीकरणः** हिंसा रोकथाम, अधिकारसम्बन्धी जानकारी तथा व्यवहार परिवर्तन कार्यक्रमहरू अपाङ्गता-समावेशी सामग्री र विधिमार्फत सञ्चालन गरिनुपर्दछ । सुरक्षा आवासमा बसोबास गर्ने महिलाहरूका लागि आत्मनिर्भरता, कानुनी साक्षरता तथा जीवनोपार्जनसम्बन्धी तालिमहरूमा अपाङ्गता-अनुकूल उपायहरू समावेश गरिनुपर्दछ ।
- **संरक्षण र सेवा प्रवाहः** तत्काल संरक्षण, जोखिम मूल्याङ्कन तथा सुरक्षा योजनामा अपाङ्गता-संवेदनशील मापदण्डहरू अनिवार्य गरिनुपर्दछ । स्वास्थ्य, मनोसामाजिक, कानुनी सहायता तथा रेफरल सेवाहरू अपाङ्गता-मैत्री छन् वा छैनन् भन्ने न्यूनतम मापदण्ड निर्धारण गरिनुपर्दछ ।
- **क्षतिपूर्ति तथा दीर्घकालीन पुनर्स्थापनाः** क्षतिपूर्ति तथा पुनर्स्थापनाका उपायहरूमा अपाङ्गता भएका महिलाका विशेष आवश्यकता (दीर्घकालीन स्वास्थ्य उपचार, सहायक उपकरण तथा जीविकोपार्जन) समेट्ने स्पष्ट कार्यविधि विकास गरिनुपर्दछ । सामाजिक पुनःएकीकरण तथा स्वरोजगार कार्यक्रमहरू अपाङ्गता-अनुकूल बनाउने व्यवस्था निर्देशिकामा समावेश गरिनुपर्दछ ।
- **बहु-क्षेत्रीय समन्वय र क्षमता विकासः** स्वास्थ्य, प्रहरी, न्यायिक समिति, सामाजिक सेवा तथा अपाङ्गता क्षेत्रमा कार्यरत संस्थाबीच स्पष्ट रेफरल

प्रोटोकल विकास गरिनुपर्दछ। सेवा प्रदायक तथा आवास व्यवस्थापनमा संलग्न कर्मचारीहरूका लागि लैङ्गिक संवेदनशीलता र अपाङ्गता-अधिकारसम्बन्धी नियमित तथा अनिवार्य तालिमको व्यवस्था गरिनुपर्दछ ।

- **विपद् तथा आपतकालीन तयारीः** विपद् तथा आपतकालीन अवस्थाहरूमा सुरक्षा आवासको सेवा निरन्तरता तथा अपाङ्गता भएका महिलाको विशेष सुरक्षाका लागि स्पष्ट प्रावधान समावेश गरिनुपर्दछ । आपतकालीन योजना अपाङ्गता-समावेशी हुने सुनिश्चित गरिनुपर्दछ ।
- **कार्यान्वयन, अनुगमन र बजेटः** अपाङ्गता-विभाजित तथ्याङ्क संकलन, स्पष्ट अनुगमन सूचक तथा स्वतन्त्र मूल्याङ्कन संयन्त्र विकास गरिनुपर्दछ । अपाङ्गता-समावेशी सेवा प्रवाहका लागि लक्षित तथा पर्याप्त बजेट विनियोजन सुनिश्चित गरिनुपर्दछ ।

### ४.८ महादेवा गाउँपालिका महिला तथा बालिका विरूद्ध हुने हिंसा सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धी निर्देशिका, २०८२

यी सिफारिसहरूले लैङ्गिक हिंसा र अपाङ्गताको अन्तरसम्बन्धलाई सम्बोधन गर्ने स्पष्ट प्रावधान समावेश गरी सबैभन्दा जोखिममा रहेका अपाङ्गता भएका महिला तथा बालिकाहरूका लागि सिफारिस प्रणालीलाई सुरक्षित, न्यायसम्म पहुँचयुक्त र प्रभावकारी संरक्षण संयन्त्रका रूपमा संस्थागत गर्न सहयोग पुर्याउँछ ।

- **परिभाषा तथा अवधारणागत सुधारः** निर्देशिकामा “अपाङ्गता भएका महिला तथा बालिका” भन्ने अधिकार-आधारित र सम्मानजनक शब्दावली प्रयोग गरिनुपर्दछ र “शारीरिक तथा मानसिक रूपमा अशक्त” जस्ता अपमानजनक तथा पुराना शब्दावली हटाइनुपर्दछ । अनलाइन तथा डिजिटल हिंसा, मनोसामाजिक हिंसा, नियन्त्रण र जबर्जस्तीकरणजस्ता आधुनिक लैङ्गिक हिंसाका स्वरूपहरू स्पष्ट रूपमा परिभाषित गरिनुपर्दछ । साथै अपाङ्गता भएका महिला तथा बालिकामाथि हुने हानिकारक विश्वास, उपचारको नाममा हुने दुर्व्यवहार तथा यौन शोषणलाई विशिष्ट जोखिमका रूपमा समेटिनुपर्दछ ।
- **अपाङ्गता-समावेशी पहुँच र यथोचित सहुलियतः** सिफारिस प्रणालीका सबै चरणहरू (सूचना, उजुरी, सिफारिस तथा सेवा पहुँच) मा उपयुक्त अनुकूलता अनिवार्य गरिनुपर्दछ । साङ्केतिक भाषा दोभासे, ब्रेल तथा सरल भाषा सामग्री, ठूलो अक्षर (large print), अडियो वा टेक्स्ट-टु-स्पीच अनुकूल सामग्री, पहुँचयुक्त फारम तथा डिजिटल प्लेटफर्मको व्यवस्था गरिनुपर्दछ । कार्यालय, सुरक्षित आवास तथा यातायातलगायत भौतिक संरचनाहरू अपाङ्गता-मैत्री बनाउने स्पष्ट मापदण्ड निर्देशिकामा समावेश गरिनुपर्दछ ।

- **सुरक्षित उजुरी तथा जवाफदेहिता संयन्त्रः** सिफारिस प्रणालीभित्र वा बाहिर हुने लापरवाही, भेदभाव वा पुनःपीडनविरूद्ध स्वतन्त्र गुनासो समाधान संयन्त्र स्थापना गरिनुपर्दछ । अपाङ्गता भएका महिलाका लागि उजुरी, अनुसन्धान तथा न्याय प्रक्रिया भौतिक, सञ्चार र प्रक्रियागत रूपमा पहुँचयुक्त हुने व्यवस्था स्पष्ट गरिनुपर्दछ । न्यायिक समिति तथा सम्बन्धित निकायका निर्णय प्रक्रियामा गोपनीयता र पीडित/प्रभावित -केन्द्रित दृष्टिकोण सुनिश्चित गरिनुपर्दछ ।

- **रोकथाम तथा संरक्षणका अपाङ्गता-समावेशी उपायः** सचेतना, शिक्षा तथा व्यवहार परिवर्तन कार्यक्रमहरू अपाङ्गता-समावेशी बनाउँदै पहुँचयुक्त सूचना सामग्री र समुदाय-आधारित रणनीतिहरू विकास गरिनुपर्दछ । उद्धार, सुरक्षित आवास तथा पुनःस्थापनाका क्रममा अपाङ्गता भएका महिलाका लागि व्यक्तिगत सहयोग, जोखिम मूल्याङ्कन तथा सुरक्षा योजना अनिवार्य गरिनुपर्दछ ।

- **पीडित तथा प्रभावित सहायता र क्षतिपूर्तिः** "एकै ढाँचाको सेवा" दृष्टिकोणको सट्टा व्यक्तिगत आवश्यकता-आधारित सेवा योजना अवलम्बन गरिनुपर्दछ । क्षतिपूर्ति तथा पुनःस्थापनाका उपायहरू दीर्घकालीन उपचार, जीविकोपार्जन तथा आत्मनिर्भरतासँग जोड्ने स्पष्ट व्यवस्था निर्देशिकामा समावेश गरिनुपर्दछ। अपाङ्गता भएका महिलाका लागि सहायक उपकरण, लक्षित सीपमूलक तालिम तथा रोजगारी सहजीकरणका कार्यक्रमहरू समावेश गरिनुपर्दछ ।

- **बहु-क्षेत्रीय समन्वय तथा प्रतिनिधित्वः** स्वास्थ्य, प्रहरी, न्यायिक समिति तथा सामाजिक सेवाबीच स्पष्ट भूमिका विभाजन र कार्यप्रवाह मापदण्ड तय गरिनुपर्दछ । कार्य सञ्चालन समिति तथा समन्वय संयन्त्रमा अपाङ्गता भएका महिलाको संघसंस्थाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिनुपर्दछ । साथै सम्बन्धित निकायका लागि अपाङ्गता-समावेशी लैङ्गिक हिंसा सेवा सम्बन्धी नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।

- **विपद् तथा आपतकालीन सन्दर्भः** विपद् तथा आपतकालीन अवस्थामा लैङ्गिक हिंसाको जोखिम न्यूनीकरण, सेवा निरन्तरता तथा सिफारिस प्रणालीको सक्रियतासम्बन्धी विशेष प्रावधान निर्देशिकामा समावेश गरिनुपर्दछ। विपद् प्रतिक्रिया योजना अपाङ्गता-समावेशी बनाउँदै अपाङ्गता भएका महिला तथा बालिकालाई उच्च जोखिम समूहका रूपमा प्राथमिकतामा गरिनुपर्दछ ।

- **कार्यान्वयन, अनुगमन तथा बजेटः** अपाङ्गता-विभाजित तथ्याङ्क सङ्कलन, स्पष्ट अनुगमन सूचक तथा लक्षित बजेट व्यवस्था अनिवार्य गरिनुपर्दछ । निर्देशिकाको कार्यान्वयनमा मानवअधिकार मापदण्डको नियमित समीक्षा तथा सार्वजनिक प्रतिवेदनको व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।

## ४.९ यमुनामाई गाँउपालिका लैंगिक समानता तथा सामाजिक सामाजीकरण नीति, २०८०

यी सिफारिसहरूले लैङ्गिक हिंसा र अपाङ्गता अधिकारका मुद्दा सैद्धान्तिक प्रतिबद्धताबाट कार्यान्वयनयोग्य संरचनामा रूपान्तरण गर्न मद्दत पुऱ्याउँछ । स्पष्ट कार्यविधि, पहुँचयुक्त उजुरी प्रणाली र उत्तरदायी कार्यान्वयनले उच्च जोखिममा रहेका महिला तथा बालिकाको सुरक्षा र न्यायमा पहुँच सुदृढ गर्दछ ।

- **लैङ्गिक हिंसाको स्पष्ट परिभाषा तथा दायरा विस्तारः** नीतिमा महिला तथा बालिकाविरूद्ध हुने हिंसालाई शारीरिक, यौनिक, मानसिक, आर्थिक, मनोसामाजिक, अनलाइन तथा डिजिटल हिंसा तथा हानिकारक अभ्यासहरू (बालविवाह, दाइजो, बोक्सी आरोप आदि) सहित स्पष्ट परिभाषा र दायरासहित समावेश गरिनुपर्दछ । अपाङ्गता भएका महिला तथा बालिकामाथि हुने विशिष्ट हिंसा (आश्रित अवस्थाको दुरूपयोग, उपचारको नाममा हुने दुर्व्यवहार, यौन शोषण) लाई छुट्टै उपशीर्षकमा समेटिनुपर्दछ ।
- **अपाङ्गता-अधिकार र अन्तर-विभेदी दृष्टिकोणको संस्थागत एकीकरणः** "अपाङ्गता भएका महिला तथा बालिका" लाई नीतिभित्र स्पष्ट रूपमा अधिकारधारी र उच्च जोखिमयुक्त समूहका रूपमा परिभाषित गरिनुपर्दछ । नीति संशोधन तथा कार्यान्वयन निर्देशिकामा (CRPD) अनुरूप अधिकार-आधारित भाषा प्रयोग गरिनुपर्दछ र चिकित्सा-केन्द्रित (medical model) दृष्टिकोणबाट पूर्णतः अलग रहनुपर्दछ । लैङ्गिक हिंसा, अपाङ्गता र सामाजिक बहिष्करणको अन्तरसम्बन्धलाई नीति सिद्धान्त र कार्यक्रम दुवै तहमा एकीकृत गरिनुपर्दछ ।
- **अपराधीकरण, उजुरी तथा जवाफदेहिता संयन्त्रको सुदृढीकरणः** नीति कार्यान्वयन निर्देशिकामार्फत लैङ्गिक हिंसाका सबै स्वरूपलाई दण्डनीय अपराधका रूपमा स्वीकार गर्ने स्पष्ट नीतिगत सम्बन्ध सम्बन्धित कानुनहरूसँग स्थापित गरिनुपर्दछ । स्वतन्त्र, सुरक्षित र पहुँचयुक्त गुनासो समाधान संयन्त्र (हेल्पलाइन, वडा-स्तरीय उजुरी बिन्दु) को व्यवस्था अनिवार्य गरिनुपर्दछ । अपाङ्गता भएका महिलाका लागि उजुरी, अनुसन्धान र न्याय प्रक्रियामा उपयुक्त अनुकूलता (साङ्केतिक भाषा, सहज भाषा, सहयोगी व्यक्ति तथा समयगत लचिलोपन) सुनिश्चित गरिनुपर्दछ ।
- **रोकथाम कार्यक्रमलाई लक्षित तथा अपाङ्गता-समावेशीः** समुदाय-आधारित सचेतना, शिक्षा तथा व्यवहार परिवर्तन कार्यक्रमहरूमा अपाङ्गता-समावेशी ढाँचा अनिवार्य गरिनुपर्दछ । दृष्टिविहीन, श्रवणविहीन, बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएका महिला तथा किशोरीलाई लक्षित पहुँचयुक्त

सूचना सामग्री विकास गरिनुपर्दछ । विद्यालय, महिला समूह तथा समुदाय संरचनामा लैङ्गिक हिंसा र अपाङ्गतासम्बन्धी समन्वित रोकथाम कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

- **संरक्षण तथा पीडित/प्रभावित -केन्द्रत सेवा प्रणाली विकासः** नीतिमा तत्काल संरक्षण (अन्तरिम राहत, सुरक्षित उजुरी प्रक्रिया, सुरक्षा आदेश) सम्बन्धी स्पष्ट प्रावधान समावेश गरिनुपर्दछ । स्वास्थ्य, मनोसामाजिक, कानुनी सहायता, आश्रय तथा रेफरल सेवाहरू अपाङ्गता-अनुकूल हुने न्यूनतम मापदण्ड तोकिनुपर्दछ । अपाङ्गता भएका महिला प्रभावितका लागि व्यक्तिगत आवश्यकता-आधारित सेवा योजना अनिवार्य गरिनुपर्दछ ।

- **क्षतिपूर्ति, पुनर्स्थापना तथा दीर्घकालीन समर्थनः** नीति कार्यान्वयन ढाँचामा क्षतिपूर्ति, पुनर्स्थापना तथा दीर्घकालीन उपचारलाई अधिकारका रूपमा संस्थागत गरिनुपर्दछ । अपाङ्गता भएका महिला प्रभावितका लागि सहायक उपकरण, पुनःस्थापना सेवा, सीप विकास तथा जीविकोपार्जनमा लक्षित समर्थन सुनिश्चित गरिनुपर्दछ ।

- **बहु-क्षेत्रीय समन्वय तथा संस्थागत क्षमता विकासः** स्वास्थ्य, प्रहरी, न्यायिक समिति, शिक्षा तथा सामाजिक सेवाबीच स्पष्ट भूमिका विभाजन र रेफरल प्रोटोकल विकास गरिनुपर्दछ । सबै सम्बन्धित निकायका पदाधिकारी तथा कर्मचारीलाई लैङ्गिक हिंसा र अपाङ्गता-समावेशी सेवा सम्बन्धी नियमित क्षमता अभिवृद्धि तालिम प्रदान गरिनुपर्दछ । अपाङ्गता भएका महिलाको संघसंस्थालाई समन्वय संयन्त्रमा अनिवार्य प्रतिनिधित्व प्रदान गरिनुपर्दछ ।

- **विपद् तथा आपतकालीन सन्दर्भमा लैङ्गिक हिंसा र अपाङ्गता-समावेशी कार्ययोजनाः** विपद्, महामारी तथा अन्य आपतकालीन अवस्थाहरूमा लैङ्गिक हिंसाको जोखिम न्यूनीकरण र सेवा निरन्तरताका लागि विशेष कार्ययो जना विकास गरिनुपर्दछ । आपतकालीन सेवा, आश्रय तथा जोखिम न्यूनीकरणसम्बन्धी सूचनामा अपाङ्गता भएका महिला तथा बालिकाको पहुँच सुनिश्चित गरिनुपर्दछ ।

- **कार्यान्वयन, अनुगमन तथा बजेटमा समावेशी व्यवस्थाः** नीति कार्यान्वयनका लागि लैङ्गिक र अपाङ्गता-विभाजित सूचकहरू विकास गरिनुपर्दछ । लैङ्गिक समानता तथा लैङ्गिक हिंसा सम्बोधनका लागि लक्षित बजेट विनियोजन सुनिश्चित गरिनुपर्दछ । अनुगमन तथा मूल्याङ्कन समितिमा नागरिक समाज र अपाङ्गता भएका महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्दछ ।

## ४.१० कलैया उपमहानगरपालिका अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५

यी सिफारिसहरू कार्यान्वयन भएमा परिचयपत्र वितरणलाई केवल प्रशासनिक प्रक्रियामा सीमित नगरी, हिंसामुक्त र समावेशी जीवनतर्फ पहुँच विस्तार गर्ने नीति रूपान्तरणमा योगदान पुर्‍याउँछ र स्थानीय तहमा अनुगमन, गुनासो समाधान, बहु-क्षेत्रीय समन्वय तथा आपतकालीन सेवाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने आधार प्रदान गर्दछ ।

- **अधिकार-आधारित दृष्टिकोणको सुदृढीकरणः** अपाङ्गता भएका व्यक्तिलाई "अशक्त" वा "अक्षमता" का रूपमा होइन, स्वतन्त्र अधिकारधारीका रूपमा मान्यता दिने सम्मानजनक शब्दावली र परिभाषा प्रयोग गरिनुपर्दछ । कार्यविधिलाई संविधान, अपाङ्गता भएका व्यक्ति हरूको अधिकार सम्बन्धी ऐन तथा CRPD सँग पूर्णतः सुसंगत बनाइनुपर्दछ ।
- **लैङ्गिक र अपाङ्गताको अन्तरसम्बन्धको समावेशीकरणः** महिला, बालिका, मनोसामाजिक अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई विशेष लक्षित समूहका रूपमा स्पष्ट पहिचान गरिनुपर्दछ । दोहोरो जोखिममा रहेका अपाङ्गता भएका महिला तथा बालिकालाई परिचयपत्र वितरण प्रक्रियामा प्राथमिकता दिने व्यवस्था समावेश गरिनुपर्दछ ।
- **हिंसाको पहिचान, रोकथाम तथा गुनासो समाधानः** परिचयपत्र वितरण प्रक्रियामा सम्भावित भेदभाव, दुर्व्यवहार वा यौन शोषणविरूद्ध पहुँचयुक्त, गोप्य तथा लैङ्गिक-संवेदनशील गुनासो समाधान र अपिल प्रक्रिया स्थापित गरिनुपर्दछ । हिंसाको जोखिम देखिएका सेवाग्राहीका लागि स्वचालित रेफरल संयन्त्र कार्यविधिमा स्पष्ट रूपमा समेटिनुपर्दछ ।
- **पहुँचयुक्तता तथा प्रक्रिया सुधारः** आवेदन फाराम, सूचना सामग्री, प्रक्रिया तथा अभिलेख प्रणालीलाई ब्रेल, साङ्केतिक भाषा, सरल तथा चित्रमय भाषा, ठूलो अक्षर (large print), अडियो वा टेक्स्ट-टु-स्पीच अनुकूल सामग्री, सहयोगी व्यक्ति तथा महिला-मैत्री वातावरणसहित पहुँचयुक्त बनाइनुपर्दछ । मानसिक वा मनोसामाजिक अपाङ्गता भएका महिलाको स्वतन्त्र र सूचित सहमति सुनिश्चित गर्ने, दुर्गम क्षेत्रका लागि "घुम्ती शिविर" तथा "शिघ्र सेवा (fast–track)" व्यवस्था, लैङ्गिक हिंसाबाट प्रभावित अपाङ्गता भएका महिला तथा बालिकाका लागि परिचयपत्र वितरण प्रक्रियामा आपतकालीन समयसीमा तोकी, निवेदन पश्चात् २४ घण्टाभित्र परिचयपत्र उपलब्ध गराउने विशेष व्यवस्था, ओसीएमसी वा प्रहरीबाट सिफारिस भई आएका यस्ता सेवाग्राहीका लागि एकै दिनमा परिचयपत्र उपलब्ध गराउने र

परिचयपत्र वितरणबाट प्राप्त तथ्याङ्कलाई अन्तरसम्बन्धित दृष्टिकोणबाटविश्लेषण गरी उच्च जोखिममा रहेका अपाङ्गता भएका महिलाको विवरण तयार र लक्षित संरक्षण उपाय अवलम्बन गरिनुपर्दछ ।

- **संरक्षण तथा सहायता सेवाहरूबिच समन्वयः** स्थानीय समन्वय समितिमा स्वास्थ्य, सामाजिक सेवा, महिला सेवा प्रदायक, प्रहरी तथा न्यायिक निकायबीच स्पष्ट भूमिकागत समन्वय सुनिश्चित गरिनुपर्दछ । परिचयपत्र वितरण क्रममा हिंसाको जोखिम पहिचान भएका व्यक्तिलाई तत्काल सुरक्षा, स्वास्थ्य, कानुनी तथा मनोसामाजिक सहायता उपलब्ध गराउने संयन्त्र विकास गरिनुपर्दछ । संरक्षकबाट नै हिंसा भएको वा संरक्षक उपलब्ध नभएको अवस्थामा छिमेकी, सामाजिक संस्था वा वडा सदस्यको रोहबरमा परिचयपत्र बनाउने लचिलो व्यवस्था राखिनुपर्दछ । परिचयपत्र वितरणलाई स्थानीय तहको लैङ्गिक हिंसा निवारण कोष, निःशुल्क कानुनी सहायता तथा स्वास्थ्य सेवासँग प्रत्यक्ष रूपमा जोड्ने व्यवस्था गर्नुपर्दछ ।
- **अनुगमन, मूल्याङ्कन तथा बजेटः** लैङ्गिक समानता तथा अपाङ्गता-समावेशी सूचक र तथ्याङ्क प्रणाली विकास गरिनुपर्दछ । परिचयपत्र वितरणका लागि पर्याप्त बजेट तथा कर्मचारीको क्षमता विकास तालिम सुनिश्चित गरिनुपर्दछ । नागरिक समाज र अपाङ्गता-सम्बन्धी संघसंस्थाको प्रतिनिधित्वसहित अनुगमन समिति सुदृढ गरिनुपर्दछ ।
- **विपद् तथा आपतकालीन व्यवस्थापनः** विपद् वा आपतकालीन अवस्थामा परिचयपत्र वितरण र सम्बन्धित सुरक्षा सेवाको निरन्तरता सुनिश्चित गर्ने स्पष्ट कार्ययोजना तयार गरिनुपर्दछ । उच्च जोखिममा रहेका अपाङ्गता भएका महिला तथा बालिकालाई प्राथमिकतामा राख्ने प्रावधान समावेश गरिनुपर्दछ ।
- **संवेदनशीलता तथा क्षमता विकासः** प्रमाणीकरण प्रक्रियाका क्रममा सेवाग्राहीले थप मानसिक वा सामाजिक हानी भोग्नु नपरोस् भनि परिचयपत्र वितरण समितिका पदाधिकारी तथा कर्मचारीलाई अपाङ्गता-समावेशी र लैङ्गिक हिंसा-संवेदनशील सेवा प्रवाहसम्बन्धी अनिवार्य तालिम प्रदान गरिनुपर्दछ ।

## ५. अधिकार-आधारित तथा अपाङ्गता-समावेशी रूपान्तरणका लागि प्रादेशिक र स्थानीय तहका कार्यान्वयनमुखी सिफारिसहरू

अधिकार-आधारित तथा अपाङ्गता-समावेशी रूपान्तरण प्रभावकारी बनाउन प्रादेशिक तहले नीतिगत, बजेटीय र संस्थागत संरचना सुदृढ गर्नुपर्छ भने स्थानीय तहले

सेवा कार्यान्वयन, प्रत्यक्ष पहुँच र समुदाय-आधारित संरक्षण सुनिश्चित गर्नुपर्छ । यी दुई तहबीच स्पष्ट समन्वय, साझा सूचक र उत्तरदायित्व संरचना स्थापित नभएसम्म अधिकार-आधारित दृष्टिकोणको प्रभावकारी कार्यान्वयन सम्भव हुँदैन । यस आधारमा प्रादेशिक र स्थानीय/नगरपालिका तहका लागि कार्यान्वयनमुखी सिफारिसहरू क्रमबद्ध रूपमा प्रस्तुत गरिएका छन् । यी सिफारिसहरूको उद्देश्य नीतिगत प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्दै कार्यान्वयनका अवरोधहरू सम्बोधन गर्नु र लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यलाई थप समावेशी, अन्तरसम्बन्धित र प्रभावकारी बनाउनु हो ।

### ५.१ प्रादेशिक तहका लागि सिफारिसहरू

- **मानवअधिकार-आधारित नीतिगत रूपान्तरण र कानुनी समन्वयः** प्रदेशस्तरका सबै ऐन, नीति र कार्यविधिलाई संविधान, CRPD / CEDAW सँग सुसंगत हुने गरी पुनरावलोकन तथा संशोधन गरिनुपर्दछ । लैङ्गिक हिंसालाई संरचनागत मानवअधिकार उल्लङ्घनका रूपमा स्पष्ट मान्यता दिँदै यसको विस्तारित परिभाषा (शारीरिक, यौनिक, मानसिक, आर्थिक, डिजिटल आदि) समावेश गरिनुपर्दछ । अपाङ्गता भएका महिला तथा बालिकालाई स्वतन्त्र अधिकारधारी तथा उच्च जोखिम समूहका रूपमा स्पष्ट रूपमा उल्लेख गरी भेदभावपूर्ण शब्दावली हटाइनुपर्दछ । नीति कार्यान्वयनलाई प्रभावकारी बनाउन शीघ्र "सारभूत लैङ्गिक समानता ऐन" तथा नियमावली तर्जुमा गरिनुपर्दछ ।
- **अन्तर-सम्बन्धित दृष्टिकोण र सारभूत समानताको संस्थागत सुनिश्चितताः** नीति निर्माण, कार्यक्रम स्वीकृति र बजेट विनियोजनका सबै चरणमा लैङ्गिकता, अपाङ्गता, गरिबी, जातीयता र भौगोलिक बहिष्करणको अन्तरसम्बन्धलाई अनिवार्य विश्लेषणको आधार बनाइनुपर्छ । अपाङ्गता भएका महिला तथा बालिकाका लागि प्राथमिकता कोटा, थप सहयोग प्याकेज र लक्षित कार्यक्रममार्फत सारभूत समानता सुनिश्चित गरिनुपर्दछ ।
- **भेदभावपूर्ण शब्दावली परिमार्जन र अधिकार-आधारित पहिचानः** अपमानजनक, अस्पष्ट वा भेदभावपूर्ण शब्दावली हटाई गरिमा र समानतामा आधारित अपाङ्गता-समावेशी भाषा अपनाइनुपर्छ । अपाङ्गता भएका महिलालाई सामान्यीकृत श्रेणीभित्र राख्ने अभ्यास अन्त्य गरी "अपाङ्गता भएका महिला" लाई स्वतन्त्र अधिकारधारी समूहका रूपमा स्पष्ट रूपमा उल्लेख गरिनुपर्छ । "अशक्तता" वा "अक्षमता" जस्ता मेडिकल मोडेल (medical model) झल्काउने शब्दावलीको सट्टा सामाजिक तथा मानवअधिकार दृष्टिकोण प्रतिबिम्बित गर्ने भाषा प्रयोग गरिनु आवश्यक छ ।

- **न्याय, अपराधीकरण र पीडित/प्रभावित–मैत्री प्रक्रियाको सुदृढीकरणः** सबै प्रकारका लैङ्गिक हिंसालाई स्पष्ट रूपमा दण्डनीय अपराधका रूपमा परिभाषित गरी गम्भीर मुद्दामा मेलमिलाप निषेधसम्बन्धी स्पष्ट मापदण्ड लागू गरिनुपर्दछ । उजुरी, अनुसन्धान, अभियोजन र फैसलाको सम्पूर्ण प्रक्रियामा अपाङ्गता–मैत्री प्रोटोकल, साङ्केतिक भाषा दोभाषे, सहयोगी निर्णय–प्रणाली र पहुँचयुक्त व्यवस्था सुनिश्चित गर्न प्रदेशस्तरबाट निर्देशिका जारी गरिनुपर्छ । सूचना सामग्री साङ्केतिक भाषा, ब्रेल, सरल भाषा, ठूलो अक्षर (large print), अडियो वा टेक्स्ट–टु–स्पीच अनुकूल सामग्री, अडियो तथा डिजिटल पहुँचयुक्त ढाँचामा उपलब्ध गराई सबै सेवाग्राही, विशेषतः अपाङ्गता भएका व्यक्तिहरूका लागि समान पहुँच सुनिश्चित गरिनुपर्छ । साथै, सूचना प्रवाह प्रणालीलाई गोप्य, सुरक्षित र प्रयोगकर्ता–मैत्री बनाउँदै नियमित अनुगमन र अद्यावधिक गरिनु आवश्यक छ । सुरक्षा आदेश, अन्तरिम राहत, क्षतिपूर्ति र दीर्घकालीन पुनर्स्थापनालाई कानुनी अधिकारका रूपमा सुनिश्चित गरिनुपर्छ ।
- **सहयोगी संरचना, सुरक्षित हेरचाह र जोखिम न्यूनीकरणसम्बन्धी नीतिगत सुदृढीकरणः** अपाङ्गता भएका महिला तथा बालिकाका लागि न्याय, उजुरी, स्वास्थ्य सेवा, सुरक्षित आवास र पुनर्स्थापनाका सबै चरणमा सञ्चार, गतिशीलता, निर्णय–सहयोग तथा सेवा उपयोग सुनिश्चित गर्न सहयोगी व्यक्ति/व्यक्तिगत सहायकको व्यवस्था अनिवार्य गरिनुपर्दछ । परिवारका सदस्य, हेरचाहकर्ता, संरक्षक वा संस्थागत कर्मचारीबाट हुने सम्भावित हिंसा, शोषण वा उपेक्षालाई विशेष जोखिमका रूपमा नीतिगत रूपमा स्पष्ट पहिचान गरी रोकथाम तथा निगरानी संयन्त्र समावेश गर्न आवश्यक छ । साथै, परिवार, संरक्षक र हेरचाहकर्ताका लागि मर्यादित, स्वतन्त्रता/छनौट गर्ने, अधिकार र हिंसामुक्त हेरचाहका सिद्धान्तमा आधारित सकारात्मक केयरगिभिङ (caregiving) सम्बन्धी नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।
- **समन्वित सेवा प्रणाली, एकद्वार मापदण्ड र आर्थिक सहायता संरचनाः** स्वास्थ्य, प्रहरी, न्यायिक निकाय र सामाजिक सेवाबीच औपचारिक अन्तर–क्षेत्रीय समन्वय संयन्त्र स्थापना गरी एकीकृत सेवा मापदण्ड र अनिवार्य रेफरल प्रणाली विकास गरिनुपर्छ । सुरक्षित आवास, ओसिएमसि, पुनर्स्थापना सेवा र सहायक उपकरणका लागि पृथक बजेट शीर्षक र पर्याप्त स्रोत विनियोजन गरिनुपर्दछ । साथै, स्वास्थ्य, कानुनी सहायता, मनोसामाजिक परामर्श र जीविकोपार्जनसमेत समेट्ने एकीकृत सहायता कोष स्थापना गरिनुपर्छ ।

- **तथ्याङ्क, अनुगमन र सार्वजनिक जवाफदेहिता सुदृढीकरणः** लैङ्गिक, अपाङ्गता, उमेर, जातीयता र भौगोलिक आधारमा वर्गीकृत एकीकृत प्रादेशिक डाटा प्रणाली विकास गरिनुपर्दछ। स्थानीय तह र प्रहरीबाट प्राप्त तथ्याङ्कलाई समेकन गरी नतिजामुखी सूचकसहित नियमित नीति परीक्षण, वार्षिक समीक्षा र सार्वजनिक प्रतिवेदन प्रकाशन गरिनुपर्छ ।

- **विपद् तथा डिजिटल समावेशी सुरक्षा ढाँचाः** विपद्, महामारी वा आपतकालीन अवस्थामा अपाङ्गता-समावेशी बाध्यकारी प्रोटोकल र आश्रय मापदण्ड विकास गरिनुपर्दछ । साथै, साइबर हिंसा र डिजिटल सुरक्षासम्बन्धी प्रादेशिक प्रतिक्रिया संयन्त्र स्थापना गरी डिजिटल स्पेसमा महिला तथा बालिकाको सुरक्षा सुनिश्चित गरिनुपर्छ ।

## ५. २ स्थानीय/नगरपालिका तहका लागि सिफारिसहरू

- **अधिकार-आधारित स्थानीय नीति सुधार र स्पष्ट अधिकार-पहिचानः** स्थानीय नीति तथा कार्यविधिलाई अधिकार-आधारित र अपाङ्गता-समावेशी बनाउँदै लैङ्गिक हिंसाको विस्तारित परिभाषा स्पष्ट रूपमा समावेश गरिनुपर्दछ। "अपाङ्गता भएका महिला तथा बालिका" लाई स्वतन्त्र अधिकार धारी तथा उच्च जोखिम समूहका रूपमा स्पष्ट उल्लेख गर्नुपर्छ ।

- **विश्वव्यापी ढाँचा कार्यान्वयन र पहुँचयुक्त पूर्वाधारः** सार्वजनिक भवन, सेवा केन्द्र, विद्यालय र आश्रयस्थलमा विश्वव्यापी ढाँचा (Universal Design) लागू गरिनुपर्छ । ग्रामीण क्षेत्रमा गतिशीलता सहायता कार्यक्रम सञ्चालन गर्दै निजी साझेदारलाई अपाङ्गता-मैत्री पूर्वाधार विकासमा प्रोत्साहन गर्न सकिन्छ। विपद्का आश्रयस्थल र पूर्वसूचना प्रणाली साङ्केतिक भाषा तथा सरल माध्यममा उपलब्ध गरिनुपर्छ ।

- **भेदभावपूर्ण शब्दावली परिमार्जन र अधिकार-आधारित पहिचानः** अपमानजनक, अस्पष्ट वा भेदभावपूर्ण शब्दावली हटाई गरिमा र समानतामा आधारित अपाङ्गता-समावेशी भाषा अपनाइनुपर्छ। अपाङ्गता भएका महिलालाई सामान्यीकृत श्रेणीभित्र राख्ने अभ्यास अन्त्य गरी "अपाङ्गता भएका महिला" लाई स्वतन्त्र अधिकारधारी समूहका रूपमा स्पष्ट रूपमा उल्लेख गरिनुपर्छ। "अशक्तता" वा "अक्षमता" जस्ता मेडिकल मोडेल झल्काउने शब्दावलीको सट्टा सामाजिक तथा मानवअधिकार दृष्टिकोण प्रतिबिम्बित गर्ने भाषा प्रयोग गरिनु आवश्यक छ ।

- **पहुँचयुक्त, पीडित/प्रभावित -केन्द्रित र एकद्वार सेवा प्रणालीः** उजुरी प्रणाली, न्यायिक समिति, महिला सेवा केन्>, सुरक्षित आवास तथा ओसिएमसि लाई

भौतिक, सञ्चार र प्रक्रियागत रूपमा पूर्ण अपाङ्गता-मैत्री बनाइनुपर्छ । साङ्केतिक भाषा, ब्रेल, सरल भाषा, ठूलो अक्षर (large print), अडियो वा टेक्स्ट-टु-स्पीच अनुकूल सामग्री, सहयोगी व्यक्ति तथा आवश्यक परे घरमै बयान लिने व्यवस्था सुनिश्चित गरिनुपर्दछ । प्रहरी, स्वास्थ्य संस्था र न्यायिक समितिबीच स्पष्ट रेफरल प्रोटोकल र केस व्यवस्थापन प्रणाली विकास गरी एकद्वार सेवा प्रवाह सुनिश्चित गरिनुपर्दछ ।

- **स्थानीय तहका न्यायिक संयन्त्रको सुदृढीकरणः** न्यायिक समितिहरूलाई मेलमिलाप केन्द्रमा सीमित नगरी गम्भीर लैङ्गिक हिंसाका मुद्दामा मेलमिलाप निषेध गर्ने स्पष्ट मापदण्ड लागू गर्नुपर्दछ । न्यायिक समितिलाई अनिवार्य रेफरल प्रणाली (प्रहरी, ओसिएमसि, महिला सेवा केन्द्र) सँग जोड्नुपर्दछ ।
- **सहयोगी संरचना, सुरक्षित हेरचाह र जोखिम न्यूनीकरणसम्बन्धी नीतिगत सुदृढीकरणः** नगरपालिकाले अपाङ्गता भएका महिला तथा बालिकाका लागि न्याय, स्वास्थ्य, सुरक्षित आवास र पुनर्स्थापनासम्बन्धी सेवामा आवश्यक सहयोगी व्यक्ति/व्यक्तिगत सहायकको व्यवस्था सुनिश्चित गरिनुपर्दछ । परिवार वा हेरचाहकर्ताबाट हुन सक्ने हिंसालाई विशेष जोखिमका रूपमा पहिचान गरी निगरानी तथा सुरक्षित रेफरल प्रणाली सुदृढ गरिनुपर्दछ । साथै, परिवार र हेरचाहकर्ताका लागि मर्यादा, स्वतन्त्रता र हिंसामुक्त हेरचाहमा आधारित नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।
- **सामाजिक सुरक्षा, परिचयपत्र र सहायता प्रणाली सुधारः** अपाङ्गता परिचयपत्र र सामाजिक सुरक्षा प्रक्रियालाई हिंसा पहिचान तथा सुरक्षित रेफरलसँग आबद्ध गरिनुपर्छ । सहायता, आवेदन प्रक्रिया सरल, गोप्य र पहुँचयुक्त बनाउँदै हिंसाबाट प्रभावित महिलाका लागि फास्ट-ट्र्याक सेवा तथा संरक्षकको विकल्प व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।
- **रोकथाम, डिजिटल सुरक्षा र समुदाय-आधारित संरक्षणः** विद्यालय, समुदाय र डिजिटल माध्यममा अधिकार-आधारित रोकथाम तथा सचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ । प्रविधिमा आधारित हिंसा र डिजिटल सुरक्षासम्बन्धी स्पष्ट प्रावधान स्थानीय नीति तथा कार्यक्रममा समावेश गर्नुपर्छ । स्थानीय भाषामा पहुँचयुक्त सामग्री विकास गरी समुदायस्तरमा सहयोगी संरचना स्थापना गरिनुपर्दछ ।
- **सूचना तथा सञ्चार पहुँचयुक्तः** नगरपालिकाले सूचना तथा सञ्चारका सबै माध्यम–फाराम, सूचनापेटी, गुनासोपेटी, वेबसाइट र विद्युतीय सूचना प्रणाली–लाई पूर्ण रूपमा पहुँचयुक्त बनाउने व्यवस्था गरिनुपर्छ । सूचना

सामग्री साङ्केतिक भाषा, ब्रेल, सरल भाषा, ठूलो अक्षर (large print), अडियो वा टेक्स्ट-टु-स्पीच अनुकूल सामग्री, अडियो तथा डिजिटल पहुँचयुक्त ढाँचामा उपलब्ध गराई सबै सेवाग्राही, विशेषतः अपाङ्गता भएका व्यक्तिहरूका लागि समान पहुँच सुनिश्चित गरिनुपर्छ । साथै, सूचना प्रवाह प्रणालीलाई गोप्य, सुरक्षित र प्रयोगकर्ता-मैत्री बनाउँदै नियमित अनुगमन र अद्यावधिक गरिनु आवश्यक छ ।

- **क्षमता विकास र अर्थपूर्ण सहभागिताः** सेवा प्रदायक, जनप्रतिनिधि र कर्मचारीका लागि नियमित रूपमा लैङ्गिक समानता, मानवअधिकार तथा अपाङ्गता-समावेशी सेवा सम्बन्धी तालिम अनिवार्य गरिनुपर्छ । नीति निर्माण, कार्यान्वयन, अनुगमन, सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण प्रक्रियामा अपाङ्गता भएका महिलाको अर्थपूर्ण तथा प्रतिनिधिमूलक सहभागिता सुनिश्चित गरिनुपर्दछ । साथै, विशेषतः हेरचाहकर्ताबाट हुन सक्ने हिंसाको जोखिम न्यूनीकरणलाई ध्यानमा राख्दै, अपाङ्गता भएका व्यक्तिका परिवार तथा हेरचाहकर्ता का लागि उनीहरूको मर्यादा, रोजाइ/छनौट गर्ने र अधिकारको सम्मानसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनुपर्छ ।
- **विपद् तयारी र आपतकालीन सेवा निरन्तरताः** स्थानीय विपद् व्यवस्थापन योजनामा अपाङ्गता-समावेशी बाध्यकारी प्रोटोकल समावेश गरिनुपर्छ । आश्रयस्थलमा अपाङ्गता-मैत्री पूर्वाधार, प्रजनन स्वास्थ्य सेवा, मनोसामाजिक सहयोग र आवश्यक सेवाको निरन्तरता सुनिश्चित गरिनुपर्दछ ।
- **स्थानीय अनुगमन, सामाजिक परीक्षण र पारदर्शिताः** लैङ्गिक तथा अपाङ्गता-वर्गीकृत तथ्याङ्क अद्यावधिक गरी सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण मार्फत पारदर्शिता प्रवर्द्धन गरिनुपर्दछ । यस प्रक्रियामा अपाङ्गता भएका महिलाको प्रतिनिधित्व सुनिश्चित गर्दै स्थानीय उत्तरदायि संरचना सुदृढ गरिनुपर्दछ ।

यी सबै नीतिहरूलाई अलग-अलग सुधार गर्नु मात्र पर्याप्त हुँदैन । लैङ्गिक हिंसा निवारण, अपाङ्गता अधिकार र सामाजिक न्याय लाई एउटै अधिकार-आधारित ढाँचामा जोड्ने एकीकृत प्रादेशिक-स्थानीय लैङ्गिक हिंसा र अपाङ्गता समावेशीकरण ढाँचा आवश्यक छ ।

-समाप्त-